कार्यपालिका बैठक संख्या : १४२
बैठक मिति : २०८१/०६/११
अध्यक्षता : नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १:**

इटहरी उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को वस्तु तथा सेवाको लागि दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य केन्द्रहरुमा कार्यरत करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत सबै तहका कर्मचारीहरुको म्याद २०८१ पौष मसान्तसम्म जम्मा ६ महिनाको लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

इटहरी उपमहानगरपालिकाको स्वीकृत भएका दरवन्दी मध्ये नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतको सेवालाई प्रवाह गर्नका निम्ती देहाय बमोजिमको पदमा देहाय बमोजिमको संख्यामा मासिक ज्यालादारीमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने निर्णय गरियो ।

देहायः

| क.सं. | पद | पदपूर्ति गर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १. | सुवेदार | १ | |
| २. | जमदार | १ | |
| ३ | अग्नि नियन्त्रक (हवल्दार) | २ | |
| ४ | अग्नि नियन्त्रक (सिपाही) | ८ | |
| ५ | अग्नि नियन्त्रक (सवारी चालक) | २ | |
| ६ | रोडरोलर चालक | १ | |
| ७ | भारी सवारी चालक | १ | |

निर्णय नं. ४:

इटहरी उपमहानगरपालिकाद्वारा विगत वर्षहरुमा सम्झौता भएका योजना/आयोजनाको पुरानो ठेक्का सम्बन्धमा छलफल गर्दा भौतिक पूर्वाधार विकास समितिलाई थप छलफल गरी उर्पयुक्त सुझाव सहित प्रतिवेदन आगामी एक हप्ताभित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिने र सो प्रतिवेदनका आधारमा आगामी कार्यपालिका बैठकमा आवश्यक निर्णय लिने निर्णय गरियो ।

निर्णय नं. ५:

विगत आ.व.झै चालु आ.व. २०८१/०८२ मा सामुदायिक विधालयहरुमा अध्ययनरत वाल कक्षा देखि कक्षा ५ सम्मका विधार्थीहरुलाई प्रति विधार्थी रु१५ (पन्ध्र) रुपैयाँ बराबरको दिवा खाजा संघीय सरकारको तर्फबाट उपलब्ध गराउँदै आएको र चालु आ.व.मा उपमहानगरपालिकाको तर्फवाट नगर क्षेत्रका सबै सामुदायिक विधालयहरुमा वाल कक्षादेखि कक्षा ५ सम्म प्रति विधार्थी रु १५(पन्ध्र) र कक्षा ६ का लागि प्रति विधार्थी रु३० (तीस) को दरले थप दिवा खाजा मिति २०८१ साउन २० गतेदेखि लागु हुने गरी सम्बन्धित विधालयलाई नै व्यवस्थापन गर्न दिने साथै स्थानीय तहस्तरीय दिवा खाजा व्यवस्थापन समितिले कार्यविधि निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ६:

इटहरी उपमहानगरपालिकाको गत आर्थिक वर्ष २०८०/०८१ उपभोक्ता समितिद्वारा सञ्चालन भई सम्पन्न भएका योजना/आयोजनाहरु मध्ये गत आर्थिक वर्षमा आंशिक भुक्तानी भएका योजनाहरु मध्ये वाकी भुक्तानी हुन बाँकी रु २ करोड ६८ लाख रुपैयाँ सबै भुक्तानी दिने र गत आर्थिक वर्षमा उपभोक्ता समितिद्वारा सञ्चालन भई सम्पन्न भएका २ लाखसम्मको लागत भएका योजनाहरुको सबै र सोभन्दा लागत भएका माथिको योजनाहरुको हाललाई ५०% का दरले भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७:

२०८१ सालको महान चाडपर्वहरु बडा दशैं, शुभदिपावली नेपाल सम्वत्, छैट, इद, उधौली उभौली लगायत बिभिन्न भाषा-भाषी जात-जाति र धर्मावलम्वीहरुले मनाउने चाडपर्वको सुखद अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरु एंवम् इटहरी नगरवासी आमावुवा, दाजुभाई, दिदि, बहिनिहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।